वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

# कोशीटप्पु वन्यजन्तु आरक्ष कार्यालय

## अर्ना गणनाको प्रेश विज्ञप्ति

पूर्वी तराईको कोशी नदीको वहावक्षेत्र (Food plain) मा अवस्थित नेपालको पहिलो रामसार सूचीमा सुचिकृत कोशीटप्पु वन्यजन्तु आरक्ष (१७५ वर्ग कि.मि.) विश्वमै दुर्लभ अर्नाको (Wild Water Buffalo) महत्वपूर्ण बासस्थान हो । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ अनुसार संरक्षित प्रजाति, सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण महासन्धीको Appendix III मा सूचीकृत तथा आई.यू.सि.एनको Endangered सूचीमा रहेको दुर्लभ वन्यजन्तु अर्नाको संरक्षण गर्ने उद्देश्यले वि.सं.२०३२ सालमा कोशीटप्पु वन्यजन्तु आरक्ष स्थापना गरिएको छ । अर्नाको संरक्षणको लागि वि.सं. २०७३ मा कोशीटप्पु वन्यजन्तु आरक्षबाट चितवन राष्ट्रिय निकुञ्जमा १३ र २ वटा सदर चिडियाखानाबाट स्थानान्तरण गरी चितवन राष्ट्रिय निकुञ्जको ईन्क्लोजरमा राखिएको छ ।

घरपालुवा भैंसीहरुको पूर्वज मानिने अर्ना नेपाल, भारत, भुटान, कम्बोडिया, थाइलैण्डमा पाइन्छन् । विश्वको करिब ८२ प्रतिशत संख्या भारतको काजिरङ्गा राष्ट्रिय निकुञ्जमा छ भने दोस्रो ठूलो संख्या कोशीटप्पु वन्यजन्तु आरक्षमा रहेको छ । नेपालमा यसको वासस्थान मुख्यगरी कोशी नदीको विभिन्न भंगालाहरु नजिकका घाँसे मैदान रहेको छ । वि.सं. २०३२ सालमा आरक्ष स्थापना हुँदा अर्नाको कूल संख्या ६३ रहेकोमा अर्नाको संख्यामा क्रमिक रुपमा वृद्धि हुँदै गएको छ ।

अर्नाको संख्या र अवस्था अद्यावधिक हुँदा दीगो संरक्षणका लागि योजना तथा कार्यक्रम तयार गर्न सहयोगी हुने भएकोले नियमित रुपमा अर्ना गणना गर्ने गरिएको छ । अर्नाको नियमित गणनाको लागि नेपाल सरकारबाट बजेट विनियोजन हुने गरेको छ । कोशीटप्पु वन्यजन्तु आरक्ष कार्यालयको चालु आ.व. २०७७/०७८ को कार्यक्रम अन्तर्गत अर्ना गणना रहेको हुँदा गणनाको लागि उपयुक्त समय चयन गरिएको थियो । अर्ना गणना २०७८ बैशाख ६ गते देखि शुरु भै २०७८ बैशाख ११ सम्ममा सफलतापूर्वक सम्पन्न भएको छ ।

अर्ना गणनाको क्रममा मिति २०७८ बैशाख ५ गते अर्ना गणनामा खटिने प्राविधिकहरुलाई अभिमुखीकरण तालिम सम्पन्न गरिएको थियो । आरक्षमा जंगली हात्तीबाट आक्रमणको सम्भावना रहेको र कोशीको भंगालोहरु तर्नुपर्ने भएको हुँदा सुरक्षाको लागि कोशीटप्पु वन्यजन्तु आरक्षका ६ वटा हात्तीहरु, ४ वटा ट्याक्टर र ५ वटा जिप प्रयोग गरिएको थियो। यसैगरी कोशीटप्पु वन्यजन्तु आरक्ष कार्यालयका कर्मचारी, हात्तीसार कर्मचारी, आरक्ष सुरक्षार्थ तैनाथ दुर्गादल गुल्म, राष्ट्रिय प्रकृति संरक्षण कोषका प्राविधिक र सहयोगी

२०७८/१/१२

२०७८/१/१२

Scanned with CamScanner

अर्ना गणना कार्यलाई वैज्ञानिक एवं व्यवस्थित गरी कुनै अर्ना नछुट्टुन र नदोहोरिउन भन्ने मान्यताका साथ अर्नाको मुख्य वासस्थान रहेको आरक्षको कोर क्षेत्रमा प्रत्येक ५००/५०० मिटरको दुरीमा भौगोलिक सूचना प्रणाली, जि.पि.एस. रिसिभर युनिट, दुरविन, वाकीटकी, एनड्रोईड मोवाइल फोन र डिजिटल क्यामरा लगायतका आधुनिक उपकरणहरु सहितका प्राविधिक पैदल हिंडेर स्वीप गर्दै प्रत्यक्ष गणना विधिवाट गणना गरिएको थियो । यस क्रममा अर्नाको लिङ्ग र उमेर समुह पहिचान गरी विवरण संकलन गर्नुका साथै अर्नाको वासस्थानको अवस्था, आरक्षमा छाडिएका घरपालुवा पशु चौपायाको संख्या, अर्ध जंगली चौपाया, मिचाहा वनस्पति प्रजाति र मानवीय क्रियाकलाप सम्बन्धि तथ्यांक समेत संकलन गरिएको थियो ।

अर्ना गणना २०७८ मा संकलन भएका विवरणहरुको विश्लेषणवाट नेपालमा प्राकृतिक वासस्थानमा ४९८ वटा अर्ना रहेको यकिन भएको छ । जसमध्ये २२१ वटा वश्यक भाले, १६२ वश्यक पोथी, ४८ वटा अर्ध वश्यक, दुई बर्षको बच्चा ३५ र एक वर्षको बच्चा ३२ वटा रहेको यकिन भएको छ । यो संख्या सन् २०१८ मा गरिएको पछिल्लो गणना को तुलनामा (१२.९%) ले वृद्धि भएको छ ।

अर्ना गणना २०७८ सफलतापूर्वक सम्पन्न गर्ने कार्यमा अहोरात्र खटिएका गणक, दुर्गादल गुल्ममा कार्यरत सुरक्षाकर्मी, हात्ती तथा हात्तीसार कर्मचारी, आरक्षका सम्पूर्ण कर्मचारी, स्थानीय तह, मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति, उपभोक्ता समूह/समिति, मध्यवर्ती सामुदायिक वनका पदाधिकारीहरु र सञ्चारकर्मी महानुभावहरु लगायत प्रत्यक्ष र परोक्ष रुपमा सहयोग पुयाउनु हुने सवैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु । अर्ना गणना कार्यमा निरन्तर सहयोगका लागि राष्ट्रिय प्रकृति संरक्षण कोषलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौ ।

धन्यवाद !

..........
अशोक कुमार राम
का.मु. प्रमुख संरक्षण अधिकृत
कोशीटप्पु वन्यजन्तु आरक्ष कार्यालय
पश्चिम कुशाहा सुनसरी
मितिः २०७८।१।१२

..........
हेम राज आचार्य
सहायक ईकोलोजिष्ट
श्री राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
ववरमहल काठमाडौं
मितिः २०७८।१।१२

Scanned with CamScanner